सुदूरपश्चिम प्रदेशसरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
धनगढी, कैलाली, नेपाल

वेवसाइटः mopid.p7.gov.np
ईमेलः mopidp7@gmail.com
फोन नं.:०९१-५२३३०३
फ्याक्सः०९१-५२७२७४

प.सं.२०८१।०८२
च.नं. ६३८

मितिः २०८१।१०।२३

विषयः **विद्युत सेवा नपुगेका स्थानहरुमा सोलार प्रविधि जडान गरि विद्युतिकरण कार्यका लागि इच्छा पत्र माग गरिएको।**

श्री सबै नगरपालिका/उप महानगरपालिका।
श्री सबै गाँउपालिका ।
सुदूरपश्चिम प्रदेश, नेपाल ।

यस मंत्रालयको चालु आ.व. २०८१/०८२ को वार्षिक विकास कार्यक्रममा प्रदेश सरकार र स्थानिय पालिकाको विद्युत सेवा नपुगेका स्थानहरुमा सोलार प्रविधि जडान गरि विद्युतिकरण कार्य गर्ने कार्यक्रम रहेको ब्यहोरा अनुरोध छ ।यसै पत्राचार मार्फत सोलार प्रविधि जडान गरि विद्युतिकरण कार्य निर्माण गर्न इच्छुक गाँउपालिका, नगरपालिका तथा उपमहानगर पालिकाबाट इच्छा पत्र (Letter of Interest) माग गरिएको छ।इच्छापत्रमा उल्लेखित विवरणको आधारमा पालिका छनौट गरी प्राथमिकतामा परेका पालिकाहरूले निम्न अनुसारको भूमिका निर्वाह गर्ने गरि दुइ पक्षिय सम्झौता अनुसार सोलार प्रविधि जडान गरि विद्युतिकरण कार्य गर्नुपर्ने छ।

**सम्बन्धित पालिकाको भूमिकाः**

- सोलार प्रविधि जडानकोलागि विद्युत सेवा नपुगेका वस्ती छनौट भएको।
- चालु आ.व. २०८१/०८२ विद्युतिकरण कार्य निर्माणको लागि वजेट विनियोजन भएको।
- कुल अनुमानित लागतको कम्तीमा १० प्रतिशत लागत ब्यहोर्ने प्रतिबद्धता पत्र ।
- विद्युतिकरण कार्य निर्माण, सँचालन तथा मर्मत सम्बन्धी स्पष्ट योजना तयार भएको ।
  *प्रदेश सरकारको तर्फबाट पालिकालाई उपलब्ध गराइने आर्थिक सहयोग सशर्त अनुदानको रुपमा हुनेछ ।*

**भौतिक पूर्वाधार विकास मंत्रालयको भूमिकाः**

- कुल अनुमानित लागतको ९० प्रतिशत सम्मको लागत ब्यहोर्ने ।
- विद्युतिकरण कार्यको लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गर्ने ।

विद्युतिकरण कार्य निर्माण योजनाको इच्छा पत्र २०८१ फाल्गुण ७ गते भित्र प्राप्त हुने गरि यस मंत्रालय वा इमेल ठेगाना mopidp7@gmail.com मा पठाउन सकिने छ।योजना तर्जुमा सम्बन्धी बिस्तृत कार्य विवरण समझदारी पत्रमा उल्लेख गरिने छ ।
थप जानकारीका लागिः इन्जिनियर श्री नरेश शर्मा (मो. ९८५८४७७०२०) ।

१०।२३

(सुरत कुमार बम)
प्रदेश सचिव